वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

**जिल्ला विकास समिति, कास्की**
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १४९ ○श्रेणी 'क' ○२०७२ फाल्गुन २० गते बिहीबार ○ 3 March 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

## कांग्रेसको महाधिवेशन आजदेखि

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं १९ फाल्गुन ।**

'सुशीलको नेतृत्वमा बनाऔं संविधान, राष्ट्र निर्माण अब हाम्रो अभियान' भन्ने मूल नाराका साथ नेपाली काँग्रेसको ऐतिहासिक १३औं महाधिवेशन काठमाडौंमा आज बिहीबारदेखि सुरु हुँदैछ। १२औं महाधिवेशन सम्पन्न भएको करिब पाँच वर्षपछि लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने नेपालको संविधान जारी भएपछि सुरु हुन लागेको महाधिवेशन तीन दिनसम्म चल्नेछ । १२औं महाधिवेशन २०६७ साल असोज १ देखि ५ गतेसम्म काठमाडौंमा नै सम्पन्न भएको थियो । सो महाधिवेशनले पार्टी सभापतिमा सुशील कोइरालालाई निर्वाचित गरेको थियो । स्थापनाको करिब सात दशक पूरा गर्न लाग्दासम्म अधिकांश समयावधि कोइराला परिवारबाट नेतृत्व हुँदै आएको काँग्रेसले यस अधिवेशनबाट नयाँ नेतृत्व हस्तान्तरण गर्नेछ । महाधिवेशनको अन्तिम तयारी हुँदै गर्दा माघ २६ सभापति सुशील कोइरालाको असामयिक निधन भएपछि यो महाधिवेशनले कस्को र कस्तो नेतृत्व चयन गर्छ सर्वत्र चासोका रूपमा हेरिएको छ ।

महाधिवेशनको उद्घाटन कार्यवाहक सभापति रामचन्द्र पौडेलले खुलामञ्चमा भव्य समारोहमा बिहीबार दिउँसो गर्नुहुनेछ । महाधिवेशनको उद्घाटन पार्टी सभापतिबाट नै गरिने काँग्रेसको परम्परा रहिआएको छ । महाधिवेशन फागुन २३ गतेसम्म चल्नेछ । मञ्चको तयारी अन्तिम चरणमा पुगेको छ । देशका प्रमुख राजनीतिक दलका नेताहरूको समेत सहभागिता हुने सो उद्घाटन सत्रमा विदेशबाट आएका पाहुनाले समेत भाग लिनेछन् । भारतको कलकत्ताको भवानीपुरमा विसं २००३ माघ १२ र १३ गते नेपाली राष्ट्रिय काँग्रेसका रूपमा पहिलो महाधिवेशन भएको काँग्रेस अनेकौं राजनीतिक घटनाको नेतृत्वकर्ता र साक्षी बन्दै काठमाडौं महाधिवेशन को संस्करणसम्म आइपुगेको हो । विसं २००६ चैत २७ गते चौथो महाधिवेशनका अवसरमा नेपाली राष्ट्रिय काँग्रेस र नेपाल प्रजातन्त्र काँग्रेस एक भई नेपाली काँग्रेसको जन्म भएको हो । राणाशासन, पञ्चायती व्यवस्था र राजाको निरङ्कुश शासनविरुद्ध लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेतृत्व गरेको काँग्रेसको यो महाधिवेशन सङ्घीय लोकतान्त्रिक गणतन्त्र संविधान जारी भएपछि भने पहिलो महाधिवेशन हो ।

काँग्रेसले इतिहासका कालखण्डमा गरेका प्रजातान्त्रिक सङ्घर्ष, यसबाट प्राप्त उपलब्धि र भावी दिशाबोधलाई सम्बोधन गरी उपसभापति रामचन्द्र पौडेलले महाधिवेशनमा प्रस्तुत गर्न नीति तथा कार्यक्रम तयार गर्नुभएको छ। नीति तथा कार्यक्रममा परिवर्तित सन्दर्भमा काँग्रेसका मूल आदर्श राष्ट्रियता, प्रजातन्त्र र समाजवाद लाई पुन: परिभाषित गर्नुभएको छ। नीति तथा कार्यक्रमले पार्टी सङ्गठनलाई अझ बलियो तथा चुस्त बनाउँदै देशको आर्थिक, समाजिक कायापलट गर्ने उल्लेख भएको छ। साथै आफ्नै नेतृत्वमा जारी भएको संविधान कार्यान्वयनमा पार्टीले खेल्ने भूमिका बारेमा पनि संश्लेषण गरिएको छ । महाधिवेशनको तयारीका क्रममा २४० वटै निर्वाचन क्षेत्रको क्षेत्रीय अधिवेशन सकिएको छ। काँग्रेसको विधानानुसार २४० निर्वाचन क्षेत्रबाट समावेशी समानुपातिक प्रतिनिधित्वसहित १२ जनाका दरले दुई हजार ८८० प्रतिनिधिले महाधिवेशनमा भाग लिनेछन् । त्यसैगरी भ्रातृ एवम् शुभेच्छुक १८ संस्थाका ९८, विदेशस्थित १७ जनसम्पर्क समितिका १२६ र वर्तमान केन्द्रीय समितिका पदाधिकारी एवम् केन्द्रीय सदस्य ८४ गरी तीन हजार १८८ महाधिवेशन प्रतिनिधि सहभागी हुनेछन् । पछिल्लो पटक क्षेत्रीय अधिवेशन सकिएका र विवाद रहेका गरी १० जिल्लामा महाधिवेशन पछि मात्र जिल्ला अधिवेशन हुनेछ । महाधिवेशनमा भाग लिन प्रतिनिधि राजधानी आउने क्रम जारी रहेको छ। यी प्रतिनिधिले समसामयिक राजनीतिक, सङ्गठन, विदेश लगायतका काँग्रेसले लिने नीति तथा कार्यक्रम पारित गर्नेछन् । उसो त नीतिमा भन्दा नेतृत्वमा बढी समय खर्चिने प्रतिनिधिले आगामी चार वर्षका लागि नयाँ नेतृत्वको भाग्योदयसमेत गरिदिनेछन् ।

अघिल्लो महाधिवेशनले व्यापक रूपमा समावेशीकरण गरेको ८५ सदस्यीय केन्द्रीय कार्यसमितिका लागि तीन पदाधिकारीसहित ६४ जनाको निर्वाचन हुने कार्यक्रम रहेको छ। यस महाधिवेशनमा पार्टीले महिला, दलित, आदिवासी जनजाति, अल्पङ्ख्यक, सीमान्तकृत समुदायलाई व्यापक रूपमा समावेशीकरणसमेत गरेको छ। महाधिवेशनको बन्दसत्र भृकुटी मण्डपमा हुने हुनेछ। निर्वाचन प्रक्रिया फागुन २३ गते हुने कार्यक्रम रहेको छ। राजधानी प्रवेश गर्ने स्थान तथा चोकचोकमा महाधिवेशनसम्बन्धी तुल, ब्यानर, होर्डिङबोर्ड, पोस्टर र नगरमा पार्टीको चारतारे झन्डा फहराइएको छ। बिपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, सुवर्णशम्शेर जवरा, गिरिजाप्रसाद कोइराला तथा सुशील कोइरालाका तस्बिर र नारा लेखिएका ब्यानर टाँसिएका छन् ।

महाधिवेशनले नयाँ नेतृत्व चयनसमेत गर्ने हुनाले सभापति, महामन्त्री तथा कोषाध्यक्षजस्ता शीर्ष तहमा हालसम्म कसैले पनि उम्मेदवारी सार्वजानिक गरेका छैनन्। तर कार्यवाहक सभापति रामचन्द्र पौडेल र वरिष्ठ नेता शेरबहादुर देउवाले सभापति पदका लागि अलग-अलग समूहमा उम्मेदवारी दिने निश्चित देखिन्छ। सर्वसम्मत रूपमा सहमति नभएपछि उनीहरू चुनावी प्रतिस्पर्धामा होमिन लागेका छन्। काँग्रेसको दोस्रो महाधिवेशन २००४ मा बनारसमा, तेस्रो महाविधेशन २००५ मा भारतको दरभङ्गामा, चौथो भारतकै कलकत्तामा २००६ चैत २७ मा पाँचौं अधिवेशन २००९ साल जेठमा जनकपुरमा सम्पन्न भएको थियो ।

यसैगरी छैटौं महाधिवेशन २०१२ माघमा वीरगन्ज, विशेष अधिवेशन २०१४ मा विराटनगर र सातौं महाधिवेशन २०१७ साल वैशाखमा काठमाडौमा भएका थिए । सातौं महाधिवेशन ३१ वर्षपछि आठौं महाधिवेशन २०४८ मा फागुनमा झापामा, नवौं महाधिवेशन २०५३ मा काठमाडौं, दशौं महाधिवेशन २०५७ मा पोखरा, ११औं महाधिवेशन २०६२ भदौ १४ देखि १७ गतेसम्म काठमाडौं र १२औं महाधिवेशन २०६७ साल असोज १ देखि ५ गतेसम्म काठमाडौंमा नै सम्पन्न भएको थियो ।

**'सहकार्यबाट नीति र नेतृत्व'**

यसैबीच नेपाली काँग्रेसको आसन्न १३औं महाधिवेशनबाट

***बाँकी अन्तिम पृष्ठमा......***

## लायन्स महाधिवेशन पोखरामा

### आन्तरिक पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास




**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १९ फाल्गुन ।**

लायन्स क्लव इन्टरनेशनल ३२५ बी १ नेपालको चौथो महाधिवेशन पोखरामा हुने भएको छ। आगामी वैशाख ४ गते हुने महाधिवेशका लागि जाऔं है पोखरा भन्ने अभियान तय गरिएको छ। महाधिवेशनले नयाँ नेतृत्व समेत चयन गर्ने भएकाले महत्वका साथ हेरिएको छ । महाधिवेशनबाट वर्तमान भाइस डिष्ट्रिक्ट गभर्नर बालकृष्ण बुर्लाकोटी डिष्ट्रिक्ट गभर्नर बन्ने निश्चित छ।

महाधिवेशन तयारीका लागि लायन्स क्वल अफ पोखरा गोल्डेन चौतारी र लायन्स क्लव अफ पोखरा सेती गण्डकीले जिम्मेवारी लिएका छन्। महाधिवेशन मूल आयोजक समितिको संयोजकमा गोल्डेन चौतारी लायन्सका दिनवन्धु पौडेल र सह-संयोजकमा सेतीगण्डकी लायन्सकी सुचित्रा थापा रहेका छन्। महाधिवेशन मूल अयोजक समितिद्वारा आयोजित पत्रकार सम्मेलन दिइएको जानकारी अनुसार महाधिवेशनमा करिब २ हजार ५ सय प्रतिनिधि सहभागी हुनेछन् भने करिब ७२ लाख खर्च लाग्ने दावी गरिएको छ।

पत्रकार सम्मेलनमा बोल्दै डिष्ट्रिक्ट गभर्नर ध्रुव थापाले महाधिवेशले पोखराको आन्तरिक पर्यटन प्रवर्द्धनसंगै आर्थिक विकासमा महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गरे । उनले महाधिवेशनलाई प्रभावकारी एवं सफलतापूर्वक सम्पन्न गर्न संचार जगतको महत्वपूर्ण भूमिका हुने भएकाले सहयोगको अपेक्षा गरे। उनले यस वर्ष लायन्सहरुको अधिकांश गतिविधि भूकम्प पीडितका लागि सहयोग केन्द्रित भएको बताए। गभर्नर थापाले दिएको जानकारी अनुसार भूकम्प पीडितका लागि नेपाल पुलिस र आर्मीपछि सबैभन्दा धेरै सहयोग गर्ने संस्था लायन्स भएको स्पष्ट पारे। लायन्सले जति सहयोग पुऱ्याए पनि सरकारले लायन्सको कार्यको मूल्याङ्कन गर्न नसकेको गुनासो गरे। भूकम्पपीडितका लागि लायन्स डिष्ट्रिक्ट बी १ ले एक लायन्स एक थाना न्यानो कपडा अभियान संचालन गरि सहयोग पुऱ्याएको थियो। उक्त अभियानमा करिब ५७ लाख रुपैयाँ बराबरको ८ हजार २ सय थान व्लाङ्केट संकलन गरि भूकम्प पीडितलाई प्रदान गरिएको बताइन्छ।

अर्को प्रसङ्गमा गभर्नर थापाले पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा लायन्स हर्टकेयर सेन्टरको स्थापना छिट्टै हुने बताए। हर्टकेयरका लागि आवश्यक पर्ने अत्याधुनिक मेशिन १ महिनाभित्रै आइपुग्ने र सबै काम अघि बढ्ने उनले जानकारी दिए। यस्तै लेखनाथमा संचालित लायन्स सामुदायिक अस्पतालमा प्रसुति सेवा र बाल उपचार केन्द्रलाई व्यवस्थित ढङ्गले संचालन गर्ने प्रक्रिया अघि बढिसकेको गभर्नर थापाले जाजकारी दिए।

उनका अनुसार क्लवको हालै थाइल्याण्डको फुकेटमा सम्पन्न क्याविनेट मिटिङले तनहुँमा रहेको भानुभक्त क्याम्पसमा विज्ञान प्रयोगशाला संचालन गर्नका लागि अन्तर्राष्ट्रिय लायन्ससंग १ लाख रुपैयाँ डलर माग गर्ने निर्णय गरिएको छ। पोखरामा हुने लायन्स महाधिवेशन पोखरा र पश्चिमाञ्चल कै इज्जतसंग जोडिएकाले यसलाई सफलतापूर्वक सम्पन्न गर्नु पश्चिमाञ्चलवासीकै दायित्व भएको डिष्ट्रिक्ट सेक्रेटरी विश्वेश्वर आचार्यले बताए। महाधिवेशनलाई सबै लियो, लायन्स, संचारजगत र नागरिकको सहयोग अति आवश्यक भएको उनले स्पष्ट पारे। पत्रकार सम्मेलनमा महाधिवेशन संयोजक दिनवन्धु पौडेल, सह-संयोजक सुचित्रा थापा र लक्ष्मीनारायण देवकोटाले महाधिवेशको तयारी बारे जानकारी गराएका थिए।

सन् १९१७ मा स्थापित लायन्स क्लव विश्वको सबैभन्दा ठूलो सामाजिक संस्था भएको बताइन्छ। लायन्सका संस्थापक मेल्भिन जोन हुन्। हाल २१० वटा मुलुकमा लायन्सको सञ्जाल रहेको र ४६ हजार क्लव मार्फत १४ लाख नागरिक लायन्सका सदस्य रहेका छन्। नेपालमा भने सन् १९७१ सालदेखि लायन्सको विस्तार गरिएको हो। लायन्सको नेपालका संस्थापक पूर्व प्रधानमन्त्री मातृका प्रसाद कोइराला हुन्। हाल नेपालमा ६ सय ७० क्लव र करिब १८ हजार ५ सय सदस्य लायन्समा आवद्ध छन्। यस्तै गण्डकी धवलागिरिमा मात्र ७३ लायन्स क्लव र ३ हजार ३ सय ६४ जना सदस्य रहेको डिष्ट्रिक्टका मिडिया चिफ को-अर्डिनेटर सुदीपराज ढुङ्गानाले गोल्डेन न्यूज दैकिनलाई बताए। पोखरामा शिक्षाविद् जर्ज जोनको सक्रियतामा लायन्सको विस्तार गरेको उनले बताए।

## झलकराम अधिकारीको दरबन्दी पोखरामै

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १९ फाल्गुन ।**

पोखरा उपमहानगरपालिकाको कार्यकारी अधिकृतमा दोस्रो कार्यकालका लागि काजमा पोखरा आएका झलकराम अधिकारीको दरबन्दी पोखरामै कायम भएको छ। मंगलबारबाट अधिकारीको दरबन्दी पोखरामै कायम भएको हो। पोखरा उपमहानगरपालिकामा दुई वर्षे कार्यकाल सकेर गत वर्षको असोजमा धनुषाको स्थानीय विकास अधिकारी भई सरुवा भएका उनले फेरि पोखरा उपमहानगरपालिकाको कार्यभार सम्हाल्न दुई महिना अगाडि पोखरा आएका थिए। २०६९ कार्तिक १६ गते पोखरा आएका अधिकारी २०७१ असोजमा धनुषा सरुवा भएका थिए। यसअघि झलकराम अधिकारीको पहिलो कार्यकाललाई निकै सफल मानिएको थियो। उनको कार्यकालमा पोखरा उपमहानगरपालिका कार्यालयको आन्तरिक सुधारको साथै पोखराको विकासमा महत्वपूर्ण उपलब्धी हात पारेका थिए। प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सम्हालेको एक वर्ष भित्रमा उनले एसियाली विकास बैंकको कालो सूचीमा रहेको उपमहानगरपालिकालाई कालोसूची मुक्त गराए। उनकै कार्यकालमा पोखरा उपमहानगरपालिका मुलुककै उत्कृष्ट तेस्रो नगरपालिकाको रुपमा पुरस्कृत भएको थियो। प्रशासकीय सुधार अन्तर्गत उनले अनावश्यक ५५ जनाको दरबन्दी कटौती गर्दै कार्यालय भित्र सिसिटिभी जडान र विद्युतीय हाजिरीको ब्यवस्था सहित सबै शाखामा सफ्टवेयर प्रणालीको सुरुवात गरेका थिए। नगरपालिका कै कर्मचारीको ७१ लाख पेश्की अशुल उपर गर्न पनि उनी सफल भए। अधिकारीले उपमहानगरपालिकाको राजश्व बृद्धिदरमा पनि उलेख्य सुधार गरे। पोखराको सौन्दर्य



बिगार्ने गरी अस्तब्यस्त फुटपाथ ब्यबस्थापन देखि न्यूरोड र लेकसाइडमा सौर्य बत्ति जडानको काम उनकै कार्यकालमा सम्पन्न भएका थिए। पोखरामा भवन निर्माण संहिता उनकै पालामा लागू भयो। उनले पोखराको एक मात्र सभाहल पोखरा सभागृह ब्यबस्थापनको लागि सार्बजनिक निजी साझेदारी अन्तर्गत निजी क्षेत्रलाई जिम्मा लगाएका थिए। प्राकृतिक सम्पदा संरक्षणको लागि फिर्के खोलाको मापदण्ड वपरितका संरचना हटाउन सुरु गरेका उनले फेवातालमा मिसाइएको ढल हटाउनेदेखि तालमा मोटर लगाई पानी तान्न प्रतिबन्ध लगाएका थिए भने फेवातालको सौन्दर्य बिगार्ने जलकुम्भी झार हटाउन उनकै पालामा मोवाइल सेवा प्रदायक कम्पनी एनसेलसंग १० करोडको सम्झौता भएको थियो।

सिर्जनाचोकमा ८ करोड लगानीमा उपमहानगरपालिकाको व्यवसायिक भवन निर्माणको लागि उनले नै कार्ययोजना अघि बढाएका थिए। अहिले सो भबन निर्माणाधिन अबस्थामा छ। पोखरा नगरक्षेत्रभित्र होडिङ बोर्डको ठेकेदारी प्रथालाई उहाँले अन्त्य गराए। सन् २०१५ देखि २०२५ सम्मको लागि उपमहानगरपालिकाको विकासे रोड

***बाँकी अन्तिम पृष्ठमा......***

## पौडेल, सिटौला र कोइरालाद्वारा उम्मेदवारी घोषणा

***गोल्डेन न्यूज संवाददाता***
***काठमाडौं १९ फाल्गुन ।***

*नयाँ नेतृत्वको लागि कांग्रेसका तीन नेताले दाबेदारी प्रस्तुत गर्दै आज उम्मेद्वारी घोषणा गरेका छन्। आज बिहीबारदेखि पार्टीको १३ औं महाधिवेशन सुरु हुन लागिरहेको सन्दर्भमा पार्टी कार्यवहाक सभापति रामचन्द्र पौडेल, महामन्त्री कृष्ण सिटौला र केन्द्रीय सदस्य सुजाता कोइरालाले आफ्नो उम्मेद्वारी घोषणा गरेका हुन्। यस्तै वरिष्ठ नेता शेरबहादुर देउवा पनि उम्मेद्वारी घोषणा गर्ने तयारीमा छन्। बुधबार उम्मेद्वारी घोषणा गर्ने पौडेल , सिटौला र कोइराला १२ महाधिवेशनमा एउटै खेमामा रहेको भएपनि हाल आएर भने छुट्टाछुट्टै टिमसहितको उम्मेद्वारी घोषणा गरेका हुन्। बुधबार राजधानीमा आयोजित एक कार्यक्रमका बीच सभापति पदका आकांक्षी पौडेलले आफूलाई सभापतिको दाबेदारको*

***बाँकी अन्तिम पृष्ठमा......***








## तुरुन्त आवश्यकता

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका **गोल्डेन न्यूज दैनिक** र सामुदायिक रेडियो सुनौलो एफ.एम. १०२.२ मेगाहर्जका लागि केही कर्मचारीहरु आवश्यक परेको हुँदा योग्य, इच्छुक र अनुभवी व्यक्तिले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र सम्पर्क राख्नुहोला।

| क्र.सं. | पद | संख्या | पारिश्रमिक |
|---|---|---|---|
| १. | समाचार सम्पादक | १ जना | न्यूनतम् १०,०००।- |
| २. | मार्केटिङ अफिसर | २ जना | न्यूनतम् १०,०००।- |
| ३. | कम्प्युटर सहायक | १ जना | न्यूनतम् ७५००।- |
| ४. | समाचार वाचक | २ जना | न्यूनतम् ६०००।- |
| ५. | संवाददाता | केही | श्रमजीवि ऐनअनुसार |

सम्पर्क
**गोल्डेन न्यूज दैनिक तथा सुनौलो एफ.एम.को कार्यालय**
सुनौलो भवन, मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा
फोन : ०६१-५३९४५५,५३२४३३,५३२४४६

■ अविरल असफलता बाहेक अरू सबै कुरा सहन सकिन्छ ।

- गेटो

## सम्पादकीय ...

# विमान यात्रा सुरक्षित बनाउ

मौषमको खरावी नभएपनि एकैसाता नेपालको आकासमा २ वटा जहाज दुर्घटना भए । ती दुर्घटनामा २१ नेपाली यात्रीको ज्यान गयो भने ४ जना बरिष्ठ र अनुभवी पाइलटको ज्यान गयो ।१८ बर्षदेखि पोखरा मुस्ताङ रुटमा हवाइ उडान गरिरहेका क्याप्टेनले पनि थाहा नपाएको भूगोल कसले चिन्छ ? त्यस्तो अनुभवले नजानेको मौषम सर्वसाधारण नेपाली जनताले कसरी बुझ्न सक्छन् ? ती घटनाको छानविन समिति गठन भैसकेको छ । तीन महिनाको अध्ययनबाट प्रतिवेदन पनि आउला । तर हवाइ उडानको कुरा चल्नासाथ एकपटक सोच्नै पर्ने भएको छ । सडक मार्गले अझै पनि हाम्रा धेरै जिल्लामा सहज छैन । कर्णालीका सबै जिल्ला, सुदूर पश्चिमका अधिकांस जिल्ला, धौलागिरी र गण्डकीका हिमालपारीका मनाङ र मुस्ताङ तथा हिमाली क्षेत्रका अधिकांस जिल्लाको वास्तविकता हवाइ यातायात विना संभवै नभएका स्थान हुन् । तर जस्तो सुकै मौषममा पनि अकल्पनीय दुर्घटना हुन सक्ने अवस्था देखियो । यस्तो घटना किन हुन्छ ? एकपटक राज्यले गम्भिर बनेर सोच्न जरुरी भएको छ । मुस्ताङ रुटमा दैनिक ५ देखि १० मिनेट सम्म जहाज हराउने अवस्था रहेछ । घोडेपानी सम्मको आकासमा पोखराको टावरले सम्पर्क दिने, मुस्ताङ नपुगेसम्म सूचना समेत थाहा नहुने परिस्थितिले गत साताको दुर्घटना भएको हो । अन्नपूर्ण क्षेत्रमा सुख्खा पहिरो गएकोले धुवा धुलो उडेको भन्ने एक दिन अघिनै समाचारमा आएको थियो । सम्पर्क समेत गर्न नसक्ने रुटमा अन्यौलताका विच किन जहाज उड्यो त ? हाम्रो बायुसेवा निगमले त्यति कुरा पहिचान समेत नगरीकन जहाज उडाउने अनुमति दिएको छ । म्याग्दी र मुस्ताङमा ८ हजार मीटर भन्दा अग्ला पहाडहरु प्रसस्त छन् । धौलागिरी हिमाल देखि अन्नपूर्ण शृखला यसै मार्गमा पर्छ भन्ने जानेर पनि उडानलाइ कति सम्म उचाइमा लैजाने भन्ने हेक्का पनि नराखेको पाइयो । कुनैपनि बिमानस्थलमा वैकल्पिक रुटको व्यवस्था गरेको पाइएको छैन । राजधानीको त्रिभूवन विमानस्थलमा समेत कहिले काही घण्टौंसम्म जहाजहरु ट्राफिक जाममा पर्ने गरेका छन् । अन्तर्राष्ट्रिय तहका ठूला र जेट विमानहरु उड्न लागेको समयमा घरेलु उडानका जहाजले ल्याण्ड गर्ने अवसर नपाएर आकासमै घुम्नुपर्ने अवस्था हुन्छ । राज्यको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलमा समेत सूचनाको उचित व्यवस्था भएको छैन भने ग्रामीण विमानस्थलको कसरी सुधार होला । तसर्थ कम्तिमा देशभरका सबै विमानस्थललाइ व्यवस्थित गर्ने, उक्त बिमानस्थलमा जाने कम्तिमा दुइ-दुइवटा रुटको व्यवस्थापन गर्न अत्यन्त जरुरी छ । एउटा रुटमा केही खरावी आउदा निगमले अर्को रुटमा अनुमति दिने व्यवस्था हुनुपर्छ । साथै सबै रुटको सबै क्षेत्रमा अनिवार्य टावरले सम्पर्क दिने व्यवस्था गर्नु पर्नेछ । अन्याथा हवाइ उडान र नेपाली आकासको असुरक्षा देखेर विदेशी पर्यटक आउने सम्भावना छीण भएर जानेछ । पर्यटन व्यवसायले धानेको नेपालको अर्थतन्त्र खस्कदै गएमा देशको स्थिति कता पुग्छ एकपटक गम्भीर भएर सोच्नेकी ?

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल फाल्गुण २० गते बिहीबार, तदनुसार मार्च ३ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामक: संवत्सर:, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शिशिर ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार फाल्गुनकृष्णपक्ष चलिरहेको छ । सौरमान अनुसार आज फाल्गुनकृष्णपक्षको नवमी तिथि ९ घटि ४६ पला अर्थात बिहानमा १० बजेर २६ मिनेटसम्म त्यसउप्रान्त दशमी तिथि लाग्नेछ। आज सूर्य कुम्भ राशिमा, चन्द्रमा वृश्चिक राशिमा अहोरात्र रहनेछ । आज दिनमान २८ घटि ४९ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३१ मिनेटमा रावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर ३ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष** : आटेजति काम गर्न असफल, अफन्तबाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहनेछ ।

**वृष** : आफन्तजनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल, पेट वा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खवर प्राप्त होला ।

**मिथुन** : गर्न खोजेको काम विफल शुनेछन, मनमा असान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबढी आउन सक्नेछ ।

**कर्कट** : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ रहनेछ ।

**सिंह** : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, नविन कार्यको थालनी गर्दा राम्रो, दिन शुभ रहेको छ ।

**कन्या** : विरोधीहरु सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला ।

**तुला** : मानसिक पीडा थपिने, मानहानी, आफन्त बाट धोका, आम्दानीका श्रोतहरु घट्नेछन् नआतिनु होला ।

**वृश्चिक** : आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ उपयोग गर्नुहोला ।

**धनु** : सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ ।

**मकर** : यश कृति बढ्ने, शतुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन, दिन सुखद्, समय महत्वपूर्ण रहनेछ ।

**कुम्भ** : चोटपटकको भय, टाढाको यात्रा असफल हुनेछ, नास्तिक विचारले सताउनेछ, समय खराव रहेको छ ।

**मीन** : टाढाबाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भ्टघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# अबको कांग्रेस विपिको नामले चल्दैन

**प्रा. कृष्ण खनाल**

नेपाली कांग्रेस १३ औं महाधिवेशनमार्फत नेतृत्व परिवर्तनको संघारमा छ । कांग्रेसको अहिलेको अवस्था नेपालका अन्य पार्टीहरुको भन्दा खासै भिन्न छैन । शशांक कोइरालाले बीबीसीको अन्तर्वार्तामा भनेका छन् कि कांग्रेसले संघीयता, गणतन्त्र, धर्मनिरपेक्षतामा पुनर्विचार गर्नुपर्छ । कांग्रेसभित्र कतिपयको यस्तो धारणा पनि होला । तर, मलाई लाग्दैन कि कांग्रेसको अबको नेतृत्व संवैधानिक परिवर्तनबाट पछि हट्छ । सीमांकनका मुद्धामा, संघको कार्यप्रणालीमा केही मतभेद आउला, तर नेपाली कांग्रेस परिवर्तनबाटै पछि हट्छ भन्ने मलाई लाग्दैन । यो विषय नेतृत्वमा कस्ता व्यक्ति हाबी हुन्छन् भन्नेमा पनि भर पर्छ । तर, शशांक कोइरालाले भनेजस्तै विचार बोक्ने व्यक्ति केन्द्रीय समितिमा हाबी भए भने पनि कांग्रेसले संविधान नै बदल्न सक्दैन । तथापि संविधान कार्यान्वयनमा अवरोध ल्याउने कोसिस भने नहोला भन्न सकिँदैन । कांग्रेस नेतृत्वमा त्यसरी अवरोध गर्ने पक्ष देखिए पनि सफल हुने सम्भावना छैन । किनभने, अहिले मुलुकलाई संविधानको रक्षा गर्ने र संविधानको अग्रगामी कार्यान्वयन गर्ने शक्तिकै खाँचो छ । मुलुक यही मार्गमा अघि बढिसकेको छ, यसमा सिंगो कांग्रेसले अवरोध गर्न सक्दैन । र, यसो गर्दा कांग्रेसको अस्तित्व पनि संकटमा पर्छ ।

**समयसँगै हिंडेन कांग्रेस**

कांग्रेसले ००७ सालको परिवर्तनमा जुन अग्रगामी सोच राख्यो, त्यो निकै क्रान्तिकारी थियो। तर, पछिल्लो समय कांग्रेसमा नयाँ विचारको अभाव खड्कँदै आयो । बीपीको विचारलाई नयाँ सन्दर्भमा बुझ्न जरुरी थियो, छ, यसमा कांग्रेस अहिले पनि कमजोर छ । अहिलेको बदलिएको समाजअनुरुप कांग्रेस केही पछाडि देखिन्छ । किनभने, पार्टीभित्र चिन्तनको बहस कमजोर छ, विचार व्यक्त गर्ने प्लेटफर्म छैन । बन्द कोठामा छलफल गरेर हुँदैन । पार्टीका विचार आमजनतामा पुग्नुपर्छ, यसमा कांग्रेस पछाडि छ । तर, कांग्रेसभित्रै पनि गतिशील विचारको अभाव छैन । पछिल्लो परिवर्तनका लागि गणतन्त्रको नारा कांग्रेसभित्रै जबर्जस्त उठेको हो । फेरि पनि कांग्रेसमा वैचारिक बहसको अभाव छ । वैचारिक बहस गर्ने, चिन्तन गर्ने नेताहरुको अभाव छ । आफ्नो पक्षमा ताली पिट्नेको जमात बढाउने होड कांग्रेसभित्र छ । त्यसैले कांग्रेसले पार्टीभित्र बहस गर्न आवश्यक छ ।

**कोइराला र कांग्रेस**

कांग्रेसको इतिहासमा कोइराला परिवारको ठूलो प्रभाव रहँदै आयो, यस्तो प्रभाव नेपालका अन्य पार्टीमा छैन । पार्टीको स्थापना कालका बीपी कोइरालादेखि सुशील कोइरालासम्म आइपुग्दा कांग्रेसमा कोइराला परिवारकै वर्चस्व रह्यो । तर, महत्वपूर्ण कुरा यो छ कि बीपी र कांग्रेसलाई अलग्याउन सकिँदैन । बीपीलाई बिर्सदा, अलग्याउँदा कांग्रेस अपूर्ण रहन्छ । कांग्रेस अहिले पनि एक प्रकारले बीपीकै दर्शन, विचारले निर्देशित छ । अझै पनि एउटा ठूलो जत्था कांग्रेसमा छ, जो बीपीले भनेबाहेक केही पनि तल-माथि गर्न हुँदैन भन्ने सोच राख्छ । यो खालको पारिवारिक वर्चस्व नेपालका अन्य पार्टीमा छैन । सधैं बीपीको नामले मात्रै कांग्रेस चल्दैन । सुशील कोइरालाको निधनपछि एक किसिमले कोइराला परिवारको वर्चस्व सकिएको छ । कोइराला परिवार त छन्, तर देशको लोकतान्त्रिक आन्दोलनसँग व्यक्तिगत रुपमा जोडिएका कोइराला सदस्य खासै छैनन् ।

अहिले कोइराला सदस्यका रुपमा शशांक कोइराला, शेखर कोइराला, सुजाता कोइरालाको चर्चा छ । पारिवारिक हिसाबले कांग्रेसमा उहाँहरूको संलग्नता होला, परिवारै कांग्रेस भएकाले उहाँहरू प्रत्यक्ष-अप्रत्यक्ष रुपमा कांग्रेससँग जोडिनुभयो होला, तर पार्टी सदस्य नै भएर प्रस्ट रुपमा उहाँहरूको संलग्नता रहेको धेरै पछि हो ।

यसकारण उच्च व्यक्तित्वको कोइराला सदस्यविना नै यसपटक कांग्रेसको महाधिवेशन हुँदैछ । कोइराला परिवारबाट पार्टी शीर्षस्थ नेतृत्वमा दाबी गर्ने व्यक्तित्व निर्माण हुन सकेको छैन । त्यसैले यो महाधिवेशनपछि कांग्रेसको नेतृत्व कोइराला परिवारबाट अरु कसैमा जाँदैछ । कहिलेकाहीँ पार्टीको इतिहासमा परिवारको वर्चस्व रहन्छ । वीपी कोइरालाको निधनपछि नै कांग्रेस निरन्तर संगठनका रूपमा आइसकेको छ । त्यसैले व्यक्तिको आयुसँग पार्टीको आयु जोड्न मिल्दैन ।

वीपीपछि कृष्णप्रसाद भट्टराईको नेतृत्वमा पार्टी संगठित भएर रह्यो, उनकै नेतृत्वमा ०४६ सालको आन्दोलन सम्पन्न भयो । यसकारण कोइरालाको नेतृत्वविना पार्टी चल्दैन भन्ने होइन, यो इतिहासले नै पुष्टि गरिसकेको छ । तैपनि कतिपय कार्यकर्तामा सुशील कोइरालापछि कांग्रेस के होला भन्ने चिन्ता छ । शेरबहादुर देउवाले यसअघि नै गिरिजाप्रसाद कोइराला, सुशील कोइरालाविरुद्ध चुनाव लडेर आफ्नो उपस्थिति देखाइसकेका छन् । अहिले कोइराला सदस्यबाट अन्यमा पार्टीको नेतृत्व जाने बिन्दुमा कांग्रेस छ । संस्थापन पक्ष र विद्रोही पक्ष भन्नु राजनीति पार्टीभित्र गलत शब्द चयन हो ।

संस्थापन भनेपछि सिंगै पार्टीलाई जनाउँछ । सभापतिले नेतृत्व गरेको समूहलाई मात्रै जनाउने होइन । हो, पार्टीभित्र केही दृष्टिकोण भिन्न हुन्छन्, त्यसमा प्रतिस्पर्धा हुन्छ, कतिपय मुद्दामा फरक मत हुन्छन्, यो सिंगो पार्टीको कुरा हो, संस्थापन र विद्रोही पक्षको कुरा होइन । तर, नेपालका पार्टीमा खासगरी कांग्रेसमा केही वर्षयता पार्टी प्रमुखको चुनावपछि पराजित हुने पक्षले समानान्तर खालको कार्यशैली अपनाउने, निर्वाचित नेतृत्वभन्दा अलिकति पृथकरुपमा प्रस्तुत हुनेखालको गलत परम्परा बस्दै आएको छ ।

**कांग्रेसमा गुटको राजनीति**

एक समय गिरिजाप्रसाद र कृष्णप्रसाद भट्टराईबीच अलिकति दूरीजस्तो भयो । भट्टराईजी आफैँले त त्यस्तो दूरी राख्नुभएन, तर उहाँको नाम उपयोग गरी शेरबहादुर जीहरूले गिरिजाप्रसादभन्दा अलिकति भिन्न दृष्टिकोणसहितको समूहगत अभ्यास गरेको देखिन्छ । सिंगो पार्टीले यसलाई रोक्ने खालको गतिविधि गरेन र समूहगत अभ्यास झनै विकसित हुँदै गयो, देउवाजीहरूको प्रजातान्त्रिक कांग्रेसलाई जन्मायो ।

विभाजित प्रजातान्त्रिक कांग्रेस र नेपाली कांग्रेसको एकतापछि प्रस्ट देखिने गरी गुटले प्रश्रय पायो । एकता गर्नका लागि केही पदको बाँडफाँड गरियो । यो बाँडफाँडको धार अहिलेसम्म मेटिएन ।

यस्तो गुटगत प्रवृत्ति कांग्रेसमा मात्रै नभएर अन्य पार्टीमा पनि देखिन्छ । पार्टीभित्र समूहगत अभ्यास स्वाभाविक रुपमा हुन्छ । कुनै नेताको व्यक्तित्वको वरिपरि केही व्यक्ति घुमेका हुन्छन् । तर, पछिल्लो समय प्रस्ट देखिने गरी, पार्टी सञ्चालनमै बेला-बेला अवरोध आउने गरेर कांग्रेसमा गुटबन्दी देखियो । पछिल्लो पाँच वर्ष पार्टीभित्र संगठनात्मक काम हुन सकेका छैनन् । संगठनात्मक काममा अर्को पक्षलाई कसरी सहमत गराउने भन्ने समस्या देखिन्थ्यो । यही अवस्थामा पार्टी अगाडि बढ्दैन । निर्वाचित नेतृत्वले एउटा कार्यकाल सन्तुलनका साथ अगाडि बढाउन पाउनुपर्थ्यो, तर त्यसमा समस्या आयो ।

**नीतिगत विवाद छैन**

संस्थापन र देउवा पक्ष जो छ, यो ध्रुवीकरणमा कुनै नीतिगत विवाद छैन । बीपीले नेपालको लोकतान्त्रिक शक्तिको प्रतिनिधिको रुपमा पार्टी निर्माण गर्नुभयो । मोटामोटी रुपमा विश्वसम्मत लोकतन्त्र र सिद्धान्तका मूल्यलाई बोकेर कांग्रेसको निर्माण भयो, जसलाई प्रजातान्त्रिक समाजवाद भनेर व्याख्या गरिएको पनि छ, यसमा कांग्रेसभित्र अहिले कसैको पनि मतभेद छैन । विश्वसम्मत व्याख्यामा समाजवादले अन्धो निजीकरण नियन्त्रण, समाजमा पिछडिएको समुदायको सहभागिता र समतामूलक समाज भन्ने बुझाउँछ, यसमा कांग्रेसको फरक बुझाइ नहोला । राजनीतिक प्रतिस्पर्धा, व्यक्तिगत प्रतिस्पर्धालाई कायम राखेर समतामूलक समाजका लागि राज्यको भूमिकालाई पनि प्रभावकारी बनाउने कुरामा नेपालका प्राय: सबै पार्टीको मतभेद छैन ।

व्यक्तिगत दृष्टिकोणमा केही भिन्न बुझाइ सबैमा हुन्छ, जो कांग्रेसमा पनि होला । अलि फराकिलो रुपमा, लोकतान्त्रिक शैलीमा पार्टी सञ्चालन गर्दा विचारका विविधता हुन्छन् नै । परिवर्तित समाजलाई हेर्ने, बुझ्ने, व्याख्या गर्ने दृष्टिकोणमा नेपाली कांग्रेसमा मतभेद छन् । तर, नीतिगत भिन्नताले कांग्रेसलाई



त्यति ठूलो असर पार्लाजस्तो मलाई लाग्दैन ।

**अबको कांग्रेस कस्तो होला ?**

कांग्रेसको 'ड्राइभ' के हो ? अहिले यो निक्योल गर्न गाह्रो भइरहेको छ । सधैं वीपीको नामले कांग्रेस चल्दैन । पार्टीलाई कुन दिशामा हाँक्ने कहाँ पुर्‍याउने ? यो कार्यदिशाको अभाव अहिले पनि छ । कांग्रेसलाई सही दिशामा हाँक्ने नेतृत्व देखिएको छैन, यो समस्या पुरानै हो । क्रमश: हुँदै जान्छ, एकैचोटि कहीँ पुगिँदैन भन्ने कन्जर्भेटिभ सोचको जमात पनि कांग्रेसमा छ । अर्को, क्रमिक होइन, परिवर्तन फड्को मारेर हुनुपर्छ भन्ने जमात पनि छ । यो मतभेद पछिल्लो १२/१५ वर्षदेखि कांग्रेसमा छ, चाहे हिजो शान्ति प्रक्रिया, संविधान निर्माणको को सन्दर्भमा होस्, मतभेद रहँदै आएकै छ । यो मतभेद टुंग्याएर पार्टीलाई गतिशील मार्गमा हिँडाउन अब आउने नेतृत्वलाई चुनौती छ । यो व्यक्तिमा भर पर्छ, ड्राइभ सक्ने व्यक्ति नेतृत्वमा आए सिंगो पार्टी नयाँ गतिमा अघि बढ्छ । होइन भने पनि कांग्रेस एउटा संस्था हो, संस्थाका आफ्ना परम्परा-मर्यादा छन्, त्यसैले क्रमिक रुपमा पार्टीलाई अगाडि बढाउँछ ।

मुलुक के-केमा अड्किएको छ, त्यो अवरोध हटाउन नै नयाँ गतिको निर्माण गर्ने हो । मुलुकलाई नयाँ गति दिन निर्णायक नेतृत्व कांग्रेसलाई चाहिएको छ ।

अहिले नेतृत्व दाबेदारको चर्चामा जति छन्, उनीहरूले पार्टी र मुलुकलाई हाँक्छन् भन्ने मेरो अपेक्षा छैन । किनभने, अहिलेको परिस्थितिको निर्माण हुनुमा यिनै जिम्मेवार छन् । जस्तो, संविधानमा भएका कमी(कमजोरीका निर्माता शेरबहादुर, रामचन्द्रलगायत सभापतिका दाबेदार नै हुन् ।

(स्रोत : अनलाइन खबर)

# ओलीको भारत भ्रमण, अपेक्षा र उपलब्धी

**संगीता रेग्मी**

प्रधानमन्त्री केपी शर्मा ओली प्रधानमन्त्रीको पद सम्हालेपछि पहिलो विदेश यात्राको रूपमा भारतको भ्रमण गरेका छन् । भारत भ्रमणलाई सरकारी पक्षबाट सदभाव भ्रमण भनिएको थियो । ओलीको भ्रमणअगावैदेखि नेपाली जनताले विभिन्न किसिमका अपेक्षा गरेका थिए । तर, हात्ती आयो हात्ती आयो फुस्सफैं अहिले साबित हुन थालेको छ । प्रधानमन्त्रीले आफ्नो भ्रमण पूर्ण सफल भयो भन्ने जति भनेपनि त्यसको उपलब्धी खासै केही देखिदैन । ओलीको भ्रमण वास्तवमा कुनै ठोस उपलब्धी वा अपेक्षाकृत भएको छैन ।

स्वयम् प्रधानमन्त्री ओलीले आफू कुनै एजेन्डा लिएर भारत नआएको नयाँ दिल्लीको भ्रमणका क्रममा भनेका थिए । भारत नेपालको आसन्न छिमेकी हो । आकारको तुलनामा धेरै ठूलो छिमेकी हो । व्यवहारको रूपमा सीमा खुला भएको छिमेकी हो । पर्खाल लगाएको छिमेकी भने भारत होइन । खुला छिमेकी बीच अलि रूखो सुखो हुनु स्वाभाविक हो । साना छिमेकीले ठूलासँगको रूखो सुखो व्यवहार गर्दाका बखत अलि चर्किनु स्वाभाविकै हुन्छ । कतै नेपालको पक्षबाट सानो कमजोरी भएको रहेछ भने भारतले यसैगरी बुझ्नु पर्ने देखिन्छ । तर यो सबै सन्दर्भमा सही सावित नहुन सक्छ । उत्पात् टेक्ने ठाउँ लिएर गर्नुपर्छ । कुनै बालक सोचविचार नगरिकन समुद्रको छालमा हाम फाल्छ भने परिणाम यो छालको चक्रवाती तरङको दिशा र दशामा भरपर्छ । भारत नेपालको सम्बन्ध इतिहास जतिकै पुरानो छ । आर्थिक, सामाजिक, सांस्कृतिक सम्बन्धको अन्योन्याश्रितपनलाई बुझ्नु पर्छ । तर यो अन्योन्याश्रितपनलाई बुझ्ने क्षणमा नेपाल छालको चक्रवाती तरङको दिशा र दशालाई ध्यान दिनुपर्छ । कुनै एजेन्डा नलिइ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणमा भारतको औपचारिक भ्रमणमा गएका प्रधानमन्त्री ओलीले भारतले सम्बन्धको सुधारका लागि देखाएको लचकतालाई सँगालेर मधेशलाई साथ लिएर देशलाई अगाडि बढाउनुपर्ने आवश्यकता बोध गर्नुपर्छ । मधेशको छातीमा खोपिएका ५५ घाउमा मलम दल्ने प्रतिबद्धता दिलाउनु र तदनुरुप व्यवहार गर्नु ओलीको सदभाव भ्रमणको सार्थकता ठहरिने छ । मधेशले खोजेको अपेक्षा पनि यही हुनेछ ।

मधेशीहरूको आन्दोलन र उनीहरूले गरेको नाका अवरोधलाई भारतीय शासकहरूको समर्थनमा गरिएको आन्दोलन भनी व्याख्या गर्दै संघीय गणतन्त्र नेपालको संविधान घोषणा पछि पहिलो प्रधानमन्त्रीको सपथ लिएका एमालेका अध्यक्ष केपी शर्मा ओलीले भारत भ्रमणका क्रममा भारतीय शासकहरू समक्ष ती आरोपको समुचित जवाफ दिन नसकेपछि नेपालीहरू पाउने थप सहयोग तत्कालका लागि रोकिएको छ । मधेशीहरूलाई भारतीय भन्दै आएका समूहहरूको नेतृत्व गर्दै प्रधानमन्त्रीको सपथ खाएका ओलीलाई मधेशीहरू भारतीय हुन् वा नेपाली हुन्, मधेशीहरूले गरेको आन्दोलन भारतले गरेको हो वा समकालीन नेपालको समस्याले निम्त्याएको आन्दोलन हो जस्ता प्रश्नहरूको जवाफ दिन भनिएको भ्रमणसँग सम्बद्ध कुटनीतिज्ञहरूले जनाएका छन् ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा संविधान जारी हुनु महत्वपूर्ण उपलब्धी हुँदा पनि त्यसको सफलताका लागि सहमति र सम्वादमा निर्भर पर्ने धारणा व्यक्त गरे । प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणको क्रममा भारतीय प्रम मोदीले सहमति र सम्वादको सिद्धान्तअनुसार नेपालका सबै वर्गलाई साथमा लिएर जानुपर्ने सुझाव समेत दिए । मोदीले नेपालको संविधानसँग जोडिएको सबै मुद्दाहरूको सन्तोषजनक निवारण गर्दा नेपाल प्रगति र स्थिरताको बाटोमा अग्रसर हुने आशा व्यक्त गरे ।

भारतीय प्रधानमन्त्री मोदीको सो सन्देशलाई ओलीले आत्मसात गर्नुको सट्टा आफ्नो भारत भ्रमण पूर्ण सफल भएको वक्तव्य दिए । उनले नेपालको आन्तरिक मामिलाबारे भारतमा परेको भ्रम चिर्न सफल भएको समेत मिडियामा वक्तव्य दिए । यो भ्रमणलाई अन्य भ्रमणभन्दा खासै पृथकरूपमा लिन नसकिने नेपाल-भारत मामिलाका विश्लेषकहरूको भनाई छ । सार्वभौम देश नेपालका प्रधानमन्त्री अर्को गणतान्त्रिक देशमा जाँदा जुन किसिमको सम्मान पाउनुपर्दथ्यो, त्यो स्वागत भारत भ्रमणमा प्रधानमन्त्रीले पाएकै हुन् । अन्य पृथक केही भएको छैन ।

भ्रमणमा ओलीले अन्तर्यमा रहेका राजनीतिक एवं कुटनीतिक सवालको जवाफ दिन नसक्दा भ्रमणबाट नेपाललाई हुने अपेक्षित फाइदा तत्काल स्थगित गरिएको हो । भ्रमणबाट भारतीय पक्षले खोजेको विषयको विश्वसनीयतालाई ओलीले औसतरूपमा प्रस्तुत गर्न नसकेको उनीहरूको बुझाइ छ । तर पनि यो भ्रमणबाट दुई देशकोको खस्रो सम्बन्धलाई चिप्लो पार्ने काम भएको भने उनीहरूले बताएका छन् । यो विषयको पुष्टि भारत भ्रमणबाट फर्केपछि प्रधानमन्त्री ओली आफैले दिएका छन् । फर्केपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा पत्रकारसँग ओलीले नेपाल र भारतबीच देखिएको असमझदारी हटाउँदै सम्बन्ध सुदृढ गर्न आफ्नो भारत भ्रमण सफल भएको बताए । ६ दिने भारत भ्रमण सकेर बुधबार राति स्वदेश फर्केका प्रधानमन्त्री ओलीले नेपाल र भारतबीच देखिएको सबै खाले असमझदारी अन्त्य भएको विश्वास व्यक्त गरे । यो भ्रमणले राजनीतिक स्तरको सम्बन्धलाई उत्तिकै मजबुत बनाएको बताए । आफ्ना कमीकमजोरीलाई लुकाउँदै उनले भने,' भ्रमणका विषयका धेरै विषयहरू बाहिर आइसकेका छन् । यसबाट पनि यहाँहरूलाई अवगत नै होला यो भ्रमण सफल भएको छ ।' भारतले संविधान जारी गर्नु अघि नेपालका सबै पक्षलाई मिलाएर संविधान जारी गर्नु र शान्ति कायम गर्नु भनेको विषयलाई ओलीले दोहोऱ्याउँदै उनले भने “भारतको चाहना पनि नेपालमा शान्ति, स्थायित्व र नेपालको विकास नै हो” ।

आफ्नो असफलतालाई लुकाउन ओलीले एजेन्डा बिना नै भारत भ्रमणमा गएको विषयलाई उठाउँदै भने “'भारत जानुभन्दा अघि नै भनेको थिए यो भ्रमणमा विभिन्न एजेण्डा लिएर जान लागको होइन । मैले त्यहीं पुष्टि गरे । यो भ्रमणमा नेपालमा जारी भएको संविधानको अवस्थाको विषय भारतीय समकक्षी र नेतृत्वलाई स्पष्ट पारे । एक्ला एक्लै देखि संयुक्त बैठकहरूमा समेत यस्ता विषय उठाएर समाधान गराउन जोड दिएँ ।”



पत्रकारहरूले सम्बोधन गर्दै उनले भ्रमणको क्रममा भारतीय चाहना र नेपालको चाहनाहरूबारेमा खुलेर छलफल भएको जानकारी दिए । उनले भारतका लगानीकर्ताहरू सँगको भेटमा नेपालमा लगानी गर्न आग्रह गरेको र लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न उत्सुक रहेको बताए । व्यापारका लागि विशाखापट्टनम बन्दरगाह, बंगलादेशसँग व्यापार गर्न रेलमार्गको प्रयोग लगायत व्यापारिक तवरबाट भ्रमणको थप सफलता भएको उनलको बुझाइ थियो । भ्रमणबाट अपेक्षित लाभ भने आउन नसकेको विश्लेषकहरूको बुझाइ रहेको छ । ती विश्लेषकहरूले ओलीका बिना कुनै तयारी भारत भ्रमणमा जाँदा भ्रमणबाट अपेक्षित सफलता नभएको र मधेशी लगायत सम्पूर्ण नेपालीहरूका लागि हुन सक्ने मलम ल्याउन ओली चुकेकै हुन् । तसर्थ, प्रधानमन्त्री ओलीको भ्रमणबाट जुन अपेक्षा नेपाली जनताले गरेका थिए त्यो आकांक्षा पूरा नभएकै हो । भारतले दिएको सहयोग र सहुलियत ऋणलाई प्रधानमन्त्रीले कमसेकम इमान्दारीपूर्वक लागू गऱ्यो भने नेपाली जनताका लागि उपलब्धीपूर्ण मान्न सकिन्छ ।

(स्रोत : मधेश दर्पण फिचर)

# 'रामचन्द्रमय' देखियो कांग्रेसको केन्द्रीय कार्यालय

काठमाडौं १९ फाल्गुन ।

महाधिवेशनको अघिल्लो दिनमा बुधबार कांग्रेसको सानेपास्थित केन्द्रीय कार्यालय 'रामचन्द्रमय' बन्यो । कार्यवाहक सभापति एवं सभापतिका उम्मेदवार रामचन्द्र पौडेल समर्थक कार्यकर्ताहरु भरिभराऊ रहेको केन्द्रीय कार्यालय परिसरभरि उनकै मात्र प्रचार सामग्री देखिए । उम्मेदवारी घोषणा कार्यक्रममा करिब दुई हजार कार्यकर्ता कार्यालयमा भेला भएका थिए । कार्यालयभित्रको हलमा गरिएको उम्मेदवारी घोषणा कार्यक्रम थामिनसक्नु भिडले गर्दा अस्तव्यस्त र कोलाहलमय बन्यो । कांग्रेस कार्यकर्ताहरु यस्तो मुडमा थिए, कि रामचन्द्रले कुम हल्लाउँला पनि ताली बजाउँथे र हुटिङ गर्थे । महामन्त्रीका उम्मेदवार शशांक कोइरालाको क्रेज झन बढी देखियो । सभापति र महामन्त्रीबाहेक कोषाध्यक्ष लगायतका अरु उम्मेदवारी घोषणा नहुँदा ती कार्यकर्ताहरु अलि खिन्न भए । कार्यकर्ताको हुटिङका बीच प्रफुल्ल मुद्रामा रामचन्द्र ड्यासमा आए । २० मिनेटको भाषणमा उनले आफ्नै बखान गर्न लामो समय खर्चिए:



**आफ्नै बारेमा रामचन्द्रले यसो भने**

'२०१७ सालमा जब यो देशमा नेपाली कांग्रेसमाथि र नेपालको प्रजातन्त्रमाथि सांघातिक प्रहार भयो, त्यतिबेला म कांग्रेसमा प्रवेश गरेको हुँ । कांग्रेस दु:ख र कष्टमा भएका बेला प्रवेश गरेको मैले आजका मितिसम्म कुनै दिन नथाकिकन, विश्राम नलिइकन निरन्तर लडिरहें । जस्तोसुकै दुखकष्ट सामना गरेर पनि प्रजातन्त्रको दियोलाई निभ्न दिइनँ ।

दु:खका दिनमा कतिपय साथीहरु पार्टी छाडेर आफ्नो बाटो लागे । तर, म निरन्तर पार्टीमै समर्पित रहें । अनेक आँधिहुरी र बतासले निभाउन खोज्दा पनि मैले यो लोकतन्त्रको दियो जोगाएर राखेको छु ।' 'म जीवनभर पार्टीलाई एकताबद्ध गरेर लैजान लड्दै आएको मान्छे हुँ । मैले प्रत्येकचोटि पार्टीमा विवाद र विभाजन आउँदा नेताहरुको बीचमा एकता कायम गर्न भूमिका खेलेको छु । बनारसमा वीपी र कोलकातामा सुवर्णसमशेर हुनुहुन्थ्यो । उहाँहरुबीच संवाद स्थापित गराउने काम मैले नै गरेँ । पछि गणेशमान, गिरिजाबाबु र किशुनजीबीच सामञ्जस्यता कायम गर्न पनि मेरो अथक प्रयत्न रह्यो ।'

**सुशीलको सपना साकार पार्ने उदघोष** : सुशील कोइराला जीवित हुँदासम्म कांग्रेसको आसन्न महाधिवेशनमा उनीसँगै भिड्न तम्तयार थिए तत्कालीन उपसभापति रामचन्द्र । सुशीलको अवसानपछि कार्यवाहक सभापति बनेका उनै पौडेलले 'सुशीलको सपना साकार पार्ने भाषण गरे । पौडेलले पूर्वसभापति सुशीलको नाम लिएर भाषण सुरु गरेका थिए भने सुशीलकै नाम लिएर अन्त्य गरे । बीचमा पनि पटक-पटक सुशीलको नाम लिए । पौडेलले सुशीललाई त्याग र निष्ठाका प्रतिमूर्ति तथा कांग्रेसका तपस्वीको संज्ञा दिँदै उनको निधनका कारणले पार्टीमा नयाँ नेतृत्व चयन गर्नुपर्ने आवश्यकता आइपरेको बताए । सुशीलको प्रेरणा र पदचिन्हलाई अनुशरण गर्दै आफू अगाडि बढ्ने उनले उदघोष गरे । 'सुशीलजीको एउटा सपना थियो,' पौडेलले भने,-'पार्टी जोगाउने । उहाँ सँधै भन्ने गर्नुहुन्थ्यो, पार्टी जोगाउनुपर्छ है । आज उहाँको निधनपछि उहाँको सपनालाई हामीले साकार बनाउनुपरेको छ ।' पौडेलले संविधान निर्माणमा नेतृत्वदायी भूमिका निभाएको र संविधान निर्माणपछि उत्पन्न परिस्थिति समाधान गर्न पनि अग्रसरता लिएको भन्दै सुशीलको प्रशंसा गरे ।

पौडेलले महामन्त्रीका उम्मेदवार वीपी पुत्र शशांक आफ्ना उपयुक्त सहयोगी भएको बताए । शशांकसित आफ्नो जोडीले कांग्रेस र देशलाई नयाँ उचाइमा पुर्‍याउने दाबीसमेत गरे । 'महामन्त्रीमा वीपीपुत्रको प्रस्तावले मेरो उम्मेदवारीलाई ठूलो शक्ति मिलेको छ,' उनले भने । पौडेलले 'केही साथीहरु आज अनुपस्थित रहेको' भन्दै उनीहरुलाई पनि समेटेर जान आफू तत्पर रहेको उल्लेख गरे । उनले यसमा कसैको नाम भने लिएनन् ।

**कांग्रेसकै पहलमा नाकाबन्दी खुलेको दाबी** : पौडेलले कांग्रेसको नेतृत्वमा नाकाबन्दी खुलेको र आपूर्ति सहज भएको दाबी गरेका छन् । स्वर्गीय सभापति सुशील कोइरालाको नेतृत्वमा संविधान जारी भएको र त्यसमा असन्तुष्टि जनाउँदै आन्दोलन तथा नाकाबन्दी भएको चर्चा गर्दै पौडेलले भने, 'कांग्रेसकै अग्रसरतामा संविधान संशोधन भयो, कांग्रेसकै पहलमा नाकाबन्दी खुलेको छ र आपूर्ति सहज भएको छ । बाँकी मुद्दाहरु पनि कांग्रेसकै नेतृत्वमा समाधान हुनेछन् ।'

भाषणको अन्त्यमा रामचन्द्रले भने, 'सुशीलजीले सधैं भाषण अन्त्य गर्दा एउटा नारा भन्ने गर्नुहुन्थ्यो, म नेपाली कांग्रेस भन्छु तपाईंहरु जिन्दावाद भन्नुहोस् । आज म त्यही शैलीको सिको गर्दैछु, म नेपाली कांग्रेस भन्छु, तपाईंहरु जिन्दावाद भन्नुहोस् । नेपाली कांग्रेस'.।' कार्यकर्ताले जिन्दावाद भने । त्यसपछि एकाएक सुरु भयो रामचन्द्र पौडेल जिन्दावाद !

हलबाट निस्कने क्रममा रामचन्द्र र शशांकको पक्षमा लामो हुटिङ र नाराबाजी भयो । शशांकलाई त कार्यकर्ताले जुरुक्कै बोकेर उचाले ।

**यस्ता छन् रामचन्द्रका नारा**

- -नेपालीको श्रम नेपालको समृद्धिका लागि
- -हिंसा द्वेष र विखण्डनमाथि प्रहार, बलियो राष्ट्रिय एकताको आधार
- -सुन्दर गाउँ व्यवस्थित सहर, हामी सबै नेपालीको रहर
- -कांग्रेस किसानको पार्टी, श्रमिकको साथी
- -मेरो नेतृत्वले ६०/४० को अन्त्य गर्नेछ

**कोको थिए रामचन्द्रको भेलामा ?**

प्रकाशमान सिंह, डा. रामशरण महत डा. मिनेन्द्र रिजाल, नविन्द्रराज जोशी, बलबहादुर केसी, मीना पाण्डे गुरुराज घिमिरे, अमोदप्रसाद उपाध्याय, मोहम्मद आफताब आलम, दिलबहादुर घर्ति, कमला पन्त, महेश आचार्य, दिलेन्द्र बडु जीवन परियार, आनन्द ढुंगाना, महेश आचार्य, बद्री पाण्डे, धनराज गुरुङ ।

# प्याराग्लाइडिङ वर्ल्डकपलाई बल्ल साथ दियो मौषमले

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ फाल्गुन ।

पोखरामा प्याराग्लाइडिङको प्रि-वर्ल्डकप प्रतियोगिता सुरु भएसंगै गत शनिबारदेखि मौसममा खराबी हुँदै आए पनि बुधबार प्रतियोगिताको अवधिमा भने समयले साथ दिएको छ । प्रतियोगिता सुरु हुनुपूर्व बिहानदेखि राम्रो मौसम खुलेको थिएन भने प्रतियोगिताको अवधिमा करिब ४/५ घण्टा मौसमले पुरा साथ दिंदा टाक्सको तेश्रो दिन अर्थात बुधबारको खेलमा निर्धारित ६१ किलोमिटरको निर्धारित दुरी (टाक्स) पुरा गर्न सफल भएको प्रतियोगिताका प्राविधिक संयोजक रविन गुरुङले बताए ।

बुधबार करीब ५:३० बजेपछि पोखरा क्षेत्रमा हल्का हावा हुरीसंगै पानी परेको थियो । गत शनिबार देखि सुरु भएको प्रतियोगितामा मौसमले साथ नदिंदा अंक जोडिने गरी भएको प्रतियोगिताको पहिलो दिन बीचमै टाक्स घटाउनु पर्यो त्यसै गरी दोश्रो दिन स्थगित र तेश्रो दिन मंगलबार बीचमै टाक्स घटाउनु पर्यो र चौथो दिन मात्र मौसमले पुरै साथ दिएकोले तोकिएको ६१ किलोमिटरको दुरी सकिदासम्म मौसममा कुनै समस्या नआए पछि प्रतियोगीहरुले तोकेको स्थानमा सुरक्षित अवतरण गर्न सफल भएको आयोजक हवाई खेलकुद संस्था ना का अध्यक्ष योगेश भट्टराईले बताए ।

बुधबार पुरा टाक्स भएकोले वर्ल्ड कपको लागि आवश्यक पर्ने न्युनतम तीन दीनको टाक्स पुरा भएको उनले बताए । फागुन २२ गतेलाई रिवर्ज डेको रुपमा राखिएकोले अबको अवस्थामा शनिबारको दिन प्रतियोगिताको लागि आवश्यक नपरेको समेत उनले जनाए । बुधबार मध्यान्ह: १२:४५ बजे सराङ्कोटबाट उडान सुरु भएको प्रतियोगिता सराङ्कोट तोरीपानी लगायतको क्षेत्रमा दुरी निर्धारण गरिएको थियो । प्रतियोगीहरुलाई ३:४५ बजेभित्रमा उक्त टाक्स पुरा गर्न प्राविधिक टोलीले समय सीमा दिएको थियो । मंगलबार हावाको चापको कारणले गर्दा फेवातालमा खसेर उद्धार गरिएका ८ जना पाईलटहरुले बुधबारको खेलमा सहभागी जनाएको प्राविधिक संयोजक गुरुङले जनाए ।

प्रतियोगिता अन्तर्गत गत आइतबार र मंगलबारको टाक्सको आधारमा आइतबारको खेलमा ईरिसका सहिन फल्लाज अग्र स्थानमा रहेका छन्। उनी दुई दिनको टाक्सको आधारमा १ हजार ४ सय ९८ अंकका साथ अग्रस्थानमा रहन सफल भएका हुन । त्यसैगरी रशियाका ग्लेव सुखोत्सकीले दुई दिनको टाक्समा १ हजार ४ सय ९३ अंक ल्याउँदै दोश्रो स्थानमा रहेका छन । महिला तर्फ भने कोरियाकी हुन् हिकिम अग्र स्थानमा रहन सफल भईन । उनले दुई दिनको टाक्समा १ हजार ४ सय १ अंक ल्याउँदै अग्रस्थाना रहन सफल भएकी हुन ।

त्यसै गरी नेपाली प्याराग्लाईडिङ पाईलटहरु मध्ये दुई दिनको टाक्समा कृष्ण सुनुवार अग्रस्थानमा रहेका छन । उनले १ हजार ४ सय २० अंक ल्याउदै नेपाली तर्फ अग्र स्थानमा रहन सफल भए । प्रतियोगिहरुको अंक ग्लोवल पोजीजनीङ सिस्टम (जिपीएस) को आधारमा हुने गर्दछ । हाल ९६ जना प्रतियोगीहरुको जिपीएस सिस्टमबाट कम्पुटरमा डाउनलोड गर्दा राति अबेरसम्म लाग्ने भएको आजको नतिजा समयमै दिन नसकिने भएको प्रतियोगिताका संयोजक कृष्ण भण्डारीले बताए ।

# नीतिश कुमारको चासो: मधेस आन्दोलन र 'बोर्डर'

काठमाडौं १९ फाल्गुन ।

नेपाली कांग्रेसको महाधिवेशनमा पाहुना बन्न काठमाडौं आएका बिहारका मुख्यमन्त्री नीतिशकुमारले मधेस आन्दोलनबारे चासो देखाएका छन् । काठमाडौं आएकै दिन उनले राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री केपी ओलीसँग शिष्टाचार भेट गरेका छन् । बिहारका मुख्यमन्त्री नीतिश विहीबारबाट सुरु हुने नेपाली कांग्रेसको महाधिवेशनमा आतिथ्य ग्रहण गर्न बुधबार काठमाडौं आइपुगेका हुन् । काठमाडौं आएकै दिन उनले शशांक कोइरालाको निवासमा पुगेर सुशील कोइरालाप्रति श्रद्धाञ्जली व्यक्त गर्नुका प्रधानमन्त्री र राष्ट्रपतिलाई पनि भेटेका छन् । मुख्यमन्त्री नीतिशले शशांकलाई भेटेपछि प्रचण्डलाई अपरान्ह ४ बजे उनकै निवास लाजिम्पाटमा पुगेर भेट गरेका थिए । लाजिम्पाटबाट उनी सीधै राष्ट्रपति विद्या भण्डारीसँग भेट गर्न शीतलनिवास पुगेका थिए । भेटका क्रममा नेपाल र भारत वीचको सम्बन्धबारे कुराकानी भएको राष्ट्रपति कार्यालयले जनाएको छ । राष्ट्रपतिलाई भेटेपछि नीतिशले प्रधानमन्त्री केपी ओलीलाई भेट गरेका थिए । नेपाली नेताहरुको भेटमा भारतीय राजदूत रञ्जित राय पनि नीतिशका साथमा थिए । साथै नीतिशको पार्टी जनता दल युनाइडेडका नेता केसी त्यागी पनि भेटमा सहभागी थिए । नीतिशले एमाओवादी अध्यक्ष प्रचण्डसँग ४५ मिनेट कुराकानी गरेको प्रचण्डको सचिवालयले बतायो । भेटमा नीतिशले मधेस आन्दोलनबारे प्रचण्डसँग जिज्ञासा राखेका थिए । भेटका क्रममा उनले नेपालमा संविधान कार्यान्वयन र मधेसमा भइरहेको आन्दोलनका बारेमा जिज्ञासा राखेको प्रचण्डको सचिवालयले बतायो ।

# पौडेल समूहलाई प्रहार गर्दै सिटौला र थापाको उम्मेदवारी घोषणा

काठमाडौं १९ फाल्गुन ।

नेपाली कांग्रेसका महामन्त्री कृष्णप्रसाद सिटौलाले युवा नेता गगन थापालाई महामन्त्रीका रुपमा अघि सार्दै आफ्नो प्यानल घोषणा गरेका छन् । कृष्ण सिटौला-गगनको प्यानलमा पूर्वमन्त्री उमाकान्त चौधरी कोषाध्यक्षको उम्मेदवार बनेका छन् । नेता-कार्यकर्ताको बाक्लो उपस्थितिमा भएको पत्रकार सम्मेलनमा तीन उम्मेदवारले संक्षिप्त सम्बोधन गरे । कृष्ण सिटौला-गगन थापाको टिमले पार्टीको नेतृत्वमा घोषणा भएको नयाँ संविधानको कार्यान्वयन र पार्टीको नेतृत्व परिर्वतनलाई मुख्य एजेण्डा बनाएको बताए । सभापतिका उम्मेदवार सिटौलाले देशलाई जोड्ने र संविधान कार्यान्वयन गर्ने एजेण्डाका साथ आफ्नो टीम बनेको बताए । महामन्त्रीका उम्मेदवार गगन थापाले कांग्रेस महाधिवेशनबाट कसले जित्छ भन्दा पनि देशले के पायो भन्ने प्रश्न महत्वपूर्ण भएको भन्दै आफूहरुले १२ बुँदे सम्झौतादेखि सुरु भएको परिर्वतनलाई माया गर्नेहरुको टीम बनाएको दाबी गरे । थापाले सभापतिका उम्मेदवार सिटौलालाई नयाँ संविधान निर्माण प्रक्रियाको 'आर्किटेक्ट' को संज्ञा दिए । थापापछि बोलेका सिटौलाले भने आफ्ना छोराछोरी सरहका गगनलाई देश हाँक्न सक्छ भनेर बोकेको बताए । सिटौलाले भने, हाम्रो विचार, लक्ष्य र गन्तव्य मिलेको छ, दिगो शान्ति, सम्वृद्धि र मुलकलाई स्वतन्त्र, सार्वभौम राख्दै सबैलाई जोडेर हिंड्न सक्छौं ।' महामन्त्रीका उम्मेदवार थापाले भने- 'कांग्रेसले पटक-पटक जित्यो तर, जितलाई जोगाउन सकेन । हामी अब फेरि आन्दोलन गर्न नपर्ने गरी यो जितलाई जोगाउन चाहन्छौं ।'

**पौडेल समूहमाथि प्रहार**

उम्मेदवारी घोषणा सभामा कृष्ण सिटौला-गगन थापा टीमका नेताहरुले 'लिगेसी' का नाममा पार्टीलाई कुनै परिवारमा कैद गर्न नहुने भन्दै रामचन्द्र पौडेल समूहमाथि प्रश्न उठायो । सिटौलाले 'लिगेसी' को कुरा गर्ने अधिकार कसैलाई पनि नभएको बताए । सिटौलाले भने,-'कांग्रेस कुनै परिवारमा कैद हुन सक्दैन ।' युवा नेता गगनले सबैजना कांग्रेस नै भएको भन्दै केहीलाई संस्थापन र अरुलाई गैरसंस्थापन भन्ने सर्टिफिकेट कसले दियो भनेर प्रश्न गरे । उनले आफू वीपीको छोरा नभएको भन्दै भने, मेरो शरीरमा वीपीको रगत त छैन । तर, वीपी विचार छ । संस्थापन, गैरसंस्थापन भन्न नहुने भन्दै थापाले भने, कुहिनो बजार्न थाल्ने हो भने कुहिनो भत्किछ तर, पहाड भत्किँदैन त्यसैगरी सिटौला टीमका कोषाध्यक्षका उम्मेदवार उमाकान्त चौधरीले पार्टीमा देखिएको गुटबन्दी र ६०/४० को भागवण्डा अन्त्य गर्न आफूहरु अगाडि आएको बताए ।

## पौडेल....

*रुपमा उभ्याउँदै प्यानल घोषणा गरे । उनलाई प्रकाशमान सिंहले प्रस्ताव गरेका थिए भने रामशरण महतले समर्थन गरेका थिए । पौडेलले आफ्नो प्यानलबाट महामन्त्रीमा डा शंशाक कोइरालालाई उभ्याएका छन् । यस्तै सभापतिका लागि उम्मेद्वारी घोषणा गरेका सिटौला प्यानलबाट महामन्त्रीमा गगन थापा र कोषाध्यक्षमा उमाकान्त चौधरीलाई उम्मेदवार बनाइएको छ । यसअघि सिटौला संस्थापन समूहका भरपर्दा नेता थिए । उनको उम्मेद्वारीसँगै सभापतिको उम्मेदारी घोषणा गर्ने तयारीमा रहेका रामचन्द्र पौडेललाई धक्का पुग्ने देखिएको छ । यस्तै सुजता कोइरालाले १३ औं महाधिवेशनमा पार्टी सभापतिका लागि आफ्नो उम्मेद्वारी घोषणा गरिन् । मण्डिखाटारस्थित आफ्नो निवासमा बुधबार अपरान्ह पत्रकार सम्मेलन गरेर उनले उम्मेद्वारी घोषणा गरेकी हुन् । उनले आफूसँग प्यानल नहुने र एक्लै लड्ने बताइन् । सभापतिमा नउठे कांग्रेसको इतिहास सकिने अवस्था आएको दाबी गर्दै उनले उम्मेद्वारीको औचित्य पुष्टि गर्न खोजिन् । यसअघि काँग्रेस केन्द्रीय कार्यलयमा प्रचार समितिको आयोजनामा संयुक्त पत्रकार सम्मेलन भयो सो अवसरमा कार्यवाहक सभापति पौडेल, वरिष्ठ नेता देउवा तथा महामन्त्रीद्धय सिटौला र प्रकाशमान सिंहले सम्बोधन गरे । उनीहरुले आफ्नो कार्यकालको कामवारे विफ्रिङ गरेका थिए । नेताहरुले भावी काँग्रेसको नीति र कार्यक्रमवारे सामन्य विफ्रिङ पनि गरेका थिए ।*

# ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय र श्रीमद् भगवद्गीता महायज्ञ

शिशिर रेग्मी

सनातन अर्थात् पूर्वीय संस्कृति अन्तर्गत रहेका सबैजसो धर्मशास्त्रहरु, जसको यदि सतही व्याख्या मात्र गर्ने हो भने मानव जीवनका लागि त्यति व्यवहारिक र वैज्ञानिक सावित हुँदैनन् । त्यी शास्त्रहरु मानव जीवनका लागि उपयोगी बन्न सकून् त्यसका लागि तिनीहरुको आध्यात्मिक व्याख्या हुनुपर्दछ । जीवनमा सर्वपक्षीय उन्नतिका लागि आध्यात्मिक रहस्यले भरिएका त्यी शास्त्रहरुको ज्ञानलाई चिन्तन, मनन र प्रयोग गरिनुपर्दछ । शास्त्रमा वर्णित ज्ञानलाई दैनिक व्यवहार, आचरण र सम्बन्धमा प्रयोग गर्नु र फलस्वरुप जीवनमा सच्चा सुख, शान्ति, आनन्द र खुशीको अनुभूति गर्नु नै यसको वैज्ञानिकता र व्यवहारिकता पनि हो । श्रीमद् भगवद्गीतामा वर्णित प्रत्येक महावाक्यहरुले हामीभित्र रहेको नकारात्मकतालाई समाप्त गरी सकारात्मक जीवन जिउन प्रेरित गर्नुका साथै मनोविकारमाथि सम्पूर्ण विजय प्राप्त गर्ने हौसला प्रदान गर्छन् । यस गीता ज्ञानलाई यज्ञसँग पनि तुलना गर्न सकिन्छ, जुन यज्ञमा संसारका समस्त मानवआत्माहरुले आफ्ना कमी कमजोरीहरु, समस्याहरु र नकारात्मकताहरुलाई आहुति दिएर जीवनमा सच्चा सुख, शान्ति एवं आनन्दको अनुभूति गर्न सक्दछन् ।

संसारको सबैभन्दा ठूलो समस्याको रुपमा रहेको तनावलाई सही व्यवस्थापन गरी व्यक्तिगत, पारिवारिक र व्यवसायिक सफलता प्राप्त गराउने महत्वपूर्ण विधि र सूत्रहरु गीतामा उल्लेख गरिएको छ । अर्जुनको विषाद योग नै वास्तवमा आजको मानवको तनाव एवं चिन्ता हो, जसको समाधानको लागि परमात्माले ज्ञान एवं योगको विधि बताउनुभएको छ । यसका साथै हरेक व्यक्तिलाई आ-आफ्नो क्षेत्रमा विशिष्टता हाँसिल गर्ने शिक्षा पनि यही शास्त्रमा स्पष्टसँग वर्णित छ । स्व-परिवर्तनद्वारा नै विश्व परिवर्तन गर्न सकिने महामन्त्र यही शास्त्रले सिकाउँछ । स्वयं नै स्वयंको मित्र वा शत्रु भएको तथ्य उजागर गर्दै गीताले मन र कर्मेन्द्रियहरुमाथि पूर्ण नियन्त्रण गरी आत्मालाई स्वतन्त्र, शक्तिशाली र रचनात्मक बनाउनुपर्ने आवश्यकतालाई निर्दिष्ट गर्दछ ।

सम्पूर्ण मनुष्यात्माहरुको कल्याण गरी सारा सृष्टिको परिवर्तन गर्ने उद्येश्यले स्वयं भगवानले त्यो ज्ञान दिनुभएको थियो । त्यति मात्र होइन, त्यसले हरेक मानव मनरुपी कुरुक्षेत्रमा चलिरहेको द्वन्द्धलाई समाधान गरी मानवको मन-बुद्धि-संस्कारलाई दिव्यीकरण गर्ने भएकाले यो एक युद्धशास्त्र नभई योगशास्त्र भएको र कुनै धर्मविशेषको मात्र नभई सम्पूर्ण मानवमात्रको लागि भएकाले यसलाई सर्वशास्त्र शिरोमणि पनि भनिन्छ । गीतामा आत्मा, परमात्मा, दैवी गुण, आसुरी गुण, कर्म, शुद्ध भोजन, उच्च जीवन आदि विषयहरुको वर्णन छ । कमजोरी र विकारलाई जितेर जीवनमा दैवी गुणको धारणाको लागि प्रोत्साहित गरिएको छ । मन-बुद्धि-संस्कारको दिव्यीकरणको लागि आसुरीपनबाट मुख मोड्ने ईशारा दिइएको छ । यस जीवन संग्राममा सत्ज्ञानलाई तीक्ष्ण वाणको उपमा दिइन्छ । यी वाणलाई सदा सम्भालेर राख्ने र उचित समयमा प्रयोग गर्ने बुद्धि तरकश हो । शरीर नै रथ हो । यस शरीरुपी रथको रथी आत्मा हो । शब्द-स्पर्श-रुप-रस-गन्ध रुपी पाँचै विषयपथमा भाग्ने मन नै चञ्चल घोडा समान छ । ईश्वरीय यादमा मग्न रहनु नै मनरुपी घोडालाई काबुमा राख्ने लगाम हो । ज्ञानी योगी जीवनद्वारा प्रभु स्मृति बनाइराख्नु भगवान्लाई साथी र सारथी बनाएर चल्नु हो ।

हाम्रो कार्य-व्यवहार र सम्बन्ध-सम्पर्क नै कुरुक्षेत्र (कर्मक्षेत्र) रुपी युद्धस्थल हो । सच्चा गीताको सच्चा भावमा स्थित भएर रहनु नै जीवन संग्राममा विजयश्री पाउनु हो । जीवनका यिनै मूलभूत तथ्यहरुलाई समेटिएको शास्त्र श्रीमद् भगवद्गीताको आध्यात्मिक रहस्योद्घाटन गरी यस क्षेत्रमा रहेका सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरुलाई ज्ञान-योगले सिंचित गर्ने उद्दश्यले यही मिति २०७२ फागुन २७ गते बिहीबारदेखि चैत्र ३ गते बुधबारसम्म आयोजना गर्न लागिएको श्रीमद् भगवद्गीता ज्ञान महायज्ञमा राजयोगिनी ब्रह्माकुमारी अप्सरा दिदीले प्रशिक्षण दिनेछिन् । उनी विगत करिब २० वर्षदेखि यस ईश्वरीय विश्व विद्यालयमा समर्पित भई संस्थाका विभिन्न शाखाहरुमा सेवारत रही हाल पार्दी शाखाको सञ्चालिकाको रुपमा सेवारत छन् । उनले भारतको अन्नामलाई विश्वविद्यालयबाट मूल्य शिक्षा एवं आध्यात्मिकता अन्तर्गत आध्यात्मिक विज्ञानमा स्नातकोत्तर गरेकी छन् । करीब १० वर्षदेखि उनले नेपालका विभिन्न जिल्लाहरुमा विभिन्न वर्गहरुका लागि तनाव व्यवस्थापन, राजयोग शिविर, नेतृत्व विकास, सकारात्मक सोचको कला लगायतका प्रशिक्षण दिँदै आएकी छन् । साथै श्रीमद् भगवद्गीताको मानव जीवनमा महत्व र आवश्यकतामाथि विशेष अध्ययन र अनुसन्धान गरी करीब ४ वर्षदेखि यसै विषयमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएकी छन् ।

## कांग्रेसको...

*काँग्रेसले समृद्धिका लागि सहकार्यको नीति र नेतृत्व बनाउने सहयात्री दलहरूले अपेक्षा गरेका छन् । मुलुकको सबैभन्दा ठूलो पार्टी र पुरानो पार्टी हुनुको नाताले काँग्रेसले लिने नीति र छान्ने नेतृत्वले अन्य पार्टी र मुलुकलाई समेत असर पर्ने भएकाले सहकार्य गर्ने नेतृत्व छान्न धेरैले सुझाव दिएका छन् । संविधानको कार्यान्वयन र पुन: निर्माणमार्फत मुलुकलाई समृद्धितर्फ लैजानुपर्ने कुरामा काँग्रेस नेतृत्व पछाडि पर्‍यो भने मुलुक नै पछाडि पर्ने भएकाले काँग्रेसको नीति र नेतृत्व सबैका लागि सरोकारको विषय भएको नेकपा (एमाले) उपाध्यक्ष युवराज ज्ञवाली बताछन्। उनले नेपालको लोकतान्त्रिक आन्दोलनमा निकै ठूलो भूमिका खेलेको पार्टीले आगामी दिनमा पनि नेतृत्वदायी र अग्रणी भूमिका खेल्नुपर्ने भएकाले त्यस्तै जिम्मेवार नेतृत्व छान्नुपर्नेमा जोड दिए । "सबै मिलेर अगाडि बढ्ने नीति र नेतृत्व ल्याओस् काँग्रेसले, सहमति र सहकार्यको बाटोलाई नछोडोस्", ज्ञवालीले भने- "लोकतान्त्रिक प्रक्रियामा हुने स्वाभाविक अन्तरविरोधलाई नबढाओस्, महाधिवेशनबाट जे निचोड निस्कन्छ, त्यसलाई सबैले मानन् हाम्रो शुभेच्छा यही हो ।" एकीकृत नेकपा (माओवादी)ले पनि जनता र राष्ट्रलाई केन्द्रमा राखेर काँग्रेसले नयाँ नीति बनाउने अपेक्षा गरेको छ । साथै नेतृत्व पनि राष्ट्रवादी र सहकार्य पक्षधर होस् भन्ने एमाओवादीको चाहना छ । पार्टीका प्रवक्ता दीनानाथ शर्माले मुलुकलाई अग्रगामी दिशामा लैजान चाहने नीति बनोस् र त्यसलाई कार्यान्वयन गर्न सक्ने अठोट भएको नेतृत्व चयन होस् भन्ने शुभकामना व्यक्त गरे । "मुलुकलाई अगाडि बढाउने सक्रियता काँग्रेसको नयाँ नेतृत्वमा अझ बढी हुनुपर्छ", उनले भने । मधेसी मोर्चाका नेता महेन्द्रराय यादव भने काँग्रेसप्रति सकारात्मक देखिनु हुन्न । मधेसमा आन्दोलन भइरहनुको पछाडि काँग्रेस पनि मुख्य दोषी भएको उनको भनाइ छ । "काँग्रेसले लोकतन्त्रका नाममा हल्ला मात्रै गरिरहेको छ, लोकतन्त्रवादी भएको भए मधेसीको हालत अहिले यस्तो हुने थियो ?", उनले प्रश्न गरे । मुलुकको चौथो ठूलो दल राप्रपा नेपालले काँग्रेसको महाधिवेशनले प्रजातन्त्रलाई संस्थागत गर्न सहयोग होस् भन्ने अपेक्षा गरेको छ । पार्टीका प्रवक्ता दिलनाथ गिरीले मुलुकमा प्रजातन्त्र ल्याउन काँग्रेसले नेतृत्वदायी भूमिका खेलेको भए पनि प्रजातन्त्रलाई संस्थागत गर्न नसकेकाले संस्थागत गर्नेतर्फ काँग्रेसले जोड दिनुपर्ने सुझाव दिन्छन् । "गर्भबाटै विवाद लिएर आएको नयाँ संविधानलाई सबैको साझा संविधानका रूपमा स्थापित गर्नका लागि तीन दलीय आलोपालो प्रणालीको मानसिकता हटाउने नीति र नेतृत्व काँग्रेसमा आउनु पर्छ", गिरीले भने । यही फागुन २० देखि २३ गतेसम्म हुन लागेको काँग्रेसको १३औँ महाधिवेशनलाई अन्य साना पार्टीले पनि उत्सुकतापूर्वक हेरेका छन् । उनीहरूले मुलुकमा अहिले भइरहेको सङ्कटको अन्त्य, संविधान कार्यान्वयन, पुन:निर्माणको अभियान र सबै दलको अस्तित्वलाई स्वीकार्ने नेतृत्व काँग्रेसमा अहिले आवश्यक रहेको ठानेका छन् ।*

*नेपाल मजदुर किसान पार्टीको चाहना भने अरूको भन्दा फरक पाइएको छ । काँग्रेसको महाधिवशनले भारतीय हस्तक्षेप र एकाधिकारवादका विरुद्धमा उभिने अठोट गर्नुपर्ने बताउछन्,-पार्टीका नेता तथा सांसद डिल्लीप्रसाद काफ्ले । उनले प्रजातान्त्रिक समाजवादको सपनासहित स्थापना भएको पार्टीले आफ्नो आदर्श सिद्धान्तलाई फेरि सशक्त तरिकाले उठाउन आवश्यकता रहेकामा जोड दिए । व्यवस्थापिका-संसद्मा रहेका सबै दललाई काँग्रेसले भोलि खुल्ला मञ्चमा हुने उद्घाटन समारोहमा अतिथिका रूपमा आमन्त्रण गरेको छ । अधिकांश पार्टीका नेताहरूले उपस्थित हुने बताएको काँग्रेस केन्द्रीय कार्यालयले जनाएको छ ।*

## झलकराम...

*म्याप पनि तयार पारेका अधिकारीले १६ वर्ष अघि लम्जुङको ढोडेनी गाविसको सचिवको रुपमा सरकारी सेवा सुरु गरेका थिए । अधिकारीले यसपटक पोखरा आएपछि पनि यहाँको समग्र विकासका लागि विभिन्न योजनाहरु अगाडि बढाएका छन् । पोखरालाई आगामी वैशाखदेखि प्लाष्टिक मुक्त नगरपालिका घोषणा गर्ने तयारी गरेका छन् । नगरपालिकामा गत वर्ष थप भएका वडाहरुको विकासलाई प्राथमिकतामा राखेका अधिकारीले वडा-वडाबाटै कर संकलनको सुरुवात गराइसकेका छन् । भूकम्प गएपछि रोकिएको घरजग्गाको नक्सा पास पनि अधिकारीकै सक्रियतामा खुल्ला भएको छ ।*


**कर्मचारी आवश्यकता**

पोखराको पृथ्वीचोकस्थित एक प्रतिष्ठित ट्राभल्स कम्पनीका लागि एक महिला कर्मचारी आवश्यक परेको हुँदा पढाइ छोडी बसेका ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला। आफ्नै साधन भएकोलाई विशेष प्राथमिकता दिइने छ ।

सम्पर्क : ९८५६०२००२५


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा